# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।१४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।१३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. अजयकुमार साह र कृष्णाबहादुर यादव** (वि.अ. को मु.नं. **०७८-CR-००४१**), वि.अ. को फैसला मिति २०८०।०५।०१) | **घुस/रिसवत लिई भ्रष्टाचार गरेको।** | **अजय कुमार साहले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.२०,०००।-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन तथा **कृष्णा कुमार यादवको** घुस/रिसवत लिनेदिने कार्यमा प्रत्यक्ष संलग्नता रहेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ.ऐ. दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुरमा मतियार भई कार्य गरेको हुँदा निजलाई बिगो रू.२०,०००।–(बीस हजार) कायम गरी ऐ.ऐ. दफा (२२) को प्रतिवन्धनात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह नै सजाय हुन मागदावी लिईएको। | **फैसलाः**<br>**प्रतिवादी अजयकुमार साहले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम कसुर गरेकोले सो कसुरमा सोही दफा ३(१) दफा ३(१)(क) बमोजिम विगो रु २०,०००/- बमोजिम जरिवाना र कसुरको मात्रा अनुसार १(एक) महिना कैद हुने। अर्का प्रतिवादी कृष्णाबहादुर यादवको हकमा आरोपित कसुरबाट सफाई पाउने भनी मिति २०८०/०५/०१ मा फैसला भएको देखिएको।<br>**<u>विशेष अदालत काठमाडौंले प्रतिवादी कृष्णाकुमार यादवलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेकोः</u>**<br>प्रतिवादी कृष्णाकुमार यादवको उजुरकर्ताहरुसँग पूर्ण चिनजान नभएको, उजुरीमा निजको नाम नभएको, उजुरवालासँग रकम माग गर्ने सम्बन्धमा सह-प्रतिवादी अजयकुमार साहसँग मिलेमतो गरेको र वार्गेनिङ गरेको अवस्था समेत नदेखिंदा निज उपरको आरोपदावी पुष्टी हुन नसकी निजले आरोपित कसुरबाट सफाई पाउने। | **क.** महोत्तरी स्वास्थ्य चौकी,सनषुडामा कार्यरत हेल्थ असिस्टेन्ट अजय कुमार साहले सेवाग्राहीसँग खोप लगाईदिनका निम्ति प्रति व्यक्ति ७,०००।—(सात हजार) रकम लाग्छ भनी निवेदकबाट घुस/रिसवत माग गरेको र निजले भने बमोजिम कृष्णा कुमार यादवले निवेदकबाट रु.२०,०००।—(बीस हजार) घुस/रिसवत लिई निज कृष्णा कुमार यादवबाट बरामद भएकोमा निज हेल्थ असिस्टेन्ट अजय कुमार साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.२०,०००।-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम विगो रु २०,०००/- जरिवाना र कसुरको मात्रा अनुसार १(एक) महिना कैद हुने ठहर्छ भनी फैसला भएको देखिएको।<br>**ख.** उजुरी निवेदक समेतको कोभिड-१९ विरुद्दको खोप लगाउने क्रममा जिल्ला महोत्तरी महोत्तरी गाँउपालिका,महोत्तरी स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट अजय कुमार साहले सेवाग्राहीसँग रू. २०,०००।-(बीस हजार मात्र) घुस/रिसवत मागेको भन्ने निवेदनको आधारमा मिति २०७८।०८।२७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले हेल्थ असिस्टेन्ट अजय कुमार साह र जिल्ला सिरहा औरही गाँउपालिका वडा नं. ३ बस्ने कृष्णा कुमार यादवलाई नियन्त्रणमा लिई खानतलासी गर्दा कृष्णा कुमार यादवले लगाएको ज्याकेटबाट श्रोत नखुलेको रू. २०,०००।-(अक्षरुपी बीस हजार मात्र) रकम बरामद भएको।निवेदकसमेतले निवेदनमा प्रतिवादी अजय कुमार साहलाई घुस/रिसवत दिएको नेपाली रु.१,०००।- दरको जम्मा रु.२०,०००।-(बीस हजार) रुपैयाँको नोट नम्बर उल्लेख गरेको र अनुसन्धानको क्रममा निवेदकले निवेदनमा उल्लेख गरेको नोट नम्बर र प्रतिवादी कृष्णा कुमार यादवको साथबाट बरामद भएको खानतलासी बरामदी मुचुल्कामा उल्लेखित नोटहरुमा भएको रु.१,०००।- दरको नोटको नम्बरहरु एक आपसमा भिडाँउदा दुबैमा भएको नोटहरुको नम्बर एक आपसमा मेल खाएको देखिँदा प्रतिवादी कृष्णा कुमार यादवबाट बरामद भएको रकम निवेदकसमेतबाट घुस/रिसवत लिएको पुष्टि भएको।<br>**ग.** महोत्तरी स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट अजय कुमार साहले निवेदकसँग ३(तीन) जना व्यक्तिहरुलाई खोप लगाउन प्रति व्यक्ति ७,०००।—(अक्षरुपी सात हजार) दरले लाग्छ भनी बार्गेनिङ गरेको र सोही अनुसार कृष्णा कुमार यादवलाई खोप लगाए पश्चात पैसा राखु भनी अह्राएको हो, कृष्णाले ३ जनालाई खोप लगाएपछि २०,०००/- उनीहरुले दिएको हो। सो पैसा मैले कृष्णालाई पहिले नै राख्न र पछी मलाई दिन भनेको कारणले कृष्णाले सो पैसा राखेको हो, त्यस बाफत उसलाई खाजा खर्ज दिने कुरा गरेको थिए, लेनदेनको कुरा कृष्ण कुमार यादवलाई सुई लगाउन जानुभन्दा पहिले पिडारी चोकमा सबै कुरा भनेको थिए, कृष्ण कुमार यादवलाई मैले भनेर सुई लगाए र पैसा लिएको हो, खानतलासी गर्दा कृष्ण कुमार यादबको शरीरबाट बरामद भएको हो भनी अनुसन्धानको क्रममा प्रतिवादी अजय कुमार साहले अनुसन्धानको क्रममा बयान गरेको देखिएको। हेल्थ असिस्टेन्ट अजय कुमार साहले निवेदकहरुसँग एक जना व्यक्तिलाई खोप लगाँउदा प्रति व्यक्ति रु.७,०००।—(सात हजार) को दरले पैसा लाग्छ भनी बार्गेनिङ गरेको र सोहि अनुसार खोप लगाईदिने व्यक्तिहरुले खोप लगाए पश्चात दिएको पैसा हेल्थ असिस्टेन्ट अजय कुमार साहको आदेशानुसार रु.२०,०००।-(बीस हजार) घुस/रिसवत मिति २०७८।०८।२७ गते मेरो साथमा राखेको अवस्थामा बरामद भएको ठिक साँचो हो भनी प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कृष्णा कुमार यादवले अनुसन्धानको क्रममा तथा अदालतको बयान गरेको देखिएको।<br><br>**घ.**अनुसन्धानको क्रममा बुझिएका साक्षीसमेतले प्रतिवादी कृष्णा कुमार यादवको साथबाट बरामद भएको रकम रुपैयाँ २०,०००/-(बिस हजार) निजले कोभिड खोप लगाइ दिए बापत अजय कुमार साहले भने बमोजिम लिएको हो र मिति २०७८/०८/२७ गतेको खानतलासी/बरामदी मुचुल्काको सहीछाप मेरो हो भनी अनुसन्धानको क्रममा कागज गरेको तथा मिति २०७८/०८/२८ को खानतलासी र बरामदी मुचुल्का र अनुसन्धानमा गरेको कागजमा भएको सहीछाप मेरो हो भनी अदालतमा वकपत्र गरेको देखिएको। मिति २०७८/०८/२७ गते दिउँसो अन्दाजी ३.३० बजेको समयमा खोप लगाएपछि मेरो साथीले रुपैया २०,०००/- कृष्णा यादवको हातमा दिएको हो। त्यो समयमा अजय कुमार पनि त्यही रहेको थियो भनी निवेदकले अनुसन्धानको क्रममा वयान गरेको देखिएको,<br><br>**ङ.** प्रतिवादी कृष्णा कुमार यादव रकम लिने स्थानमा उपस्थित भई प्रतिवादी अजयकुमार साहको आदेशानुसार नगद रु २०,०००/- बुझी लिएको, निवेदक र सहप्रतिवादी अजयकुमार साह वीचको संवाद सुनेको, वारदातस्थलमा उपस्थित रहेको, अजयकुमार साहको निर्देशनमा पैसा लिएको भन्ने तथ्यलाई स्वीकार गरी बयान गरेको र निजको साथबाट घुसको रकम बरामद भएको अवस्थामा उजुरवलाले दिएको रकम घुस बापतको भन्ने निजलाई थाहा थिएन भन्न मिल्ने नदेखिएको।"आफुवाट बरामद भएको रकमलाई अन्यथा पुष्टी गर्ने नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतवाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन,वर्ष १८, अंक १८, पुस २०६६, पुर्णांक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको अवस्था रहेको। यसरी आफ्नो सँगसाथवाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको र घुस रिसवत वापतको रकम लिन मंजुर भएको र लिएको तथ्य स्वीकार गरी वयान गरेको अवस्थामा आरोपदावी बमोजिम कसुर ठहर गरी फैसला गर्नुपर्नेमा सफाई दिने गरी गरेको उक्त फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर भागी रहेको। |